ऐन नं. ५

# धरान उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५

नगर सभाबाट स्वीकृत मितिः –२०७५।०३।११

प्रमाणीकरण मिति :– २०७५।०३।२४

## धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी

## प्रदेश नं. १, नेपाल

# धरान उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५

प्रस्तावनाः

धरान उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९(२) बमोजिम धरान उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " धरान उपमहानगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन सम्बत २०७५ श्रावण १ बाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,८०,००,००,००० (अक्षरेपी एक अर्ब असी करोड रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर सभाबाट बजेट स्वीकृत भइसकेपछि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार वा अन्य विभिन्न संघसंस्था वा निकायसँग सम्झौता भई वा नभई थप बजेट निकासा भएकोमा उक्त रकम खर्च गर्न सकिनेछ। यसरी प्राप्त रकमबाट भएको खर्च आर्थिक विवरण तयार पार्दा समावेश गर्नु पर्नेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ (पच्चीस) प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षकमा र एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षककमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अर्न्तगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) माथिका उपदफामा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै शीर्षकबाट विनियोजन भएको शीर्षक वा नयाँ शीर्षकमा स्रोतान्तर गर्नु परेमा विनियोजित पूँजीगत रकमको २५ (पच्चीस) प्रतिशतसम्म कार्यपालिकाले स्रोतान्तर गर्न सक्नेछ।

अनुसूची (१)

(दफा २ सँग सम्बन्धित)

सञ्चित कोषबाट विनियोजन हुने रकमः

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | नगर कार्यपालिका | १९३२३३८०० | ८४७६४०२०० | | १०४०८७४००० |
| २ | सामाजिक सुरक्षा | २२००००००० | ० | ० | २२००००००० |
| ३ | वडा समिति | १४००००००० | ८६००००००० | ० | १०००००००० |
| ४ | विषयगत शाखा | १८४२१००० | ३९१५०५००० | ० | ४०९९२६००० |
| ५ | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | २९२००००० | २९२००००० |
| ६ | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | ४४५६५४८०० | १३२५१४५२०० | २९२००००० | १८०००००००० |

प्रमाणीकरण गर्ने

दस्तखतः ..........

नामः मञ्जु भण्डारी सुवेदी

पदः कार्यबाहक नगर प्रमुख

प्रमाणीकरण मितिः २०७५ आषाढ २४ गते आइतवार